अन्तिम लेखापरीक्षण प्रतिवेदन

थाहा नगरपालिका, मकवानपुर

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८/७९ मितिः २०७८।५।४

च.नं २०९

श्री नगर प्रमुखज्यू,
थाहा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मकवानपुर ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः२०७८।७९
च.नं २७५

मितिः २०७८।५।४

श्री नगरप्रमूखज्यू,
थाहा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मकवानपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय :- हामीले थाहा नगरपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय—व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.८६ लाख ९८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.११ लाख ६३ हजार पेश्की रु.४१ लाख १५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७।१२।२७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २१ (एक्काइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी :- आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :- वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायबमहालेखापरीक्षक

लेखापरीक्षणको अन्तिम प्रतिवेदन

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गर्दै गुणस्तरीय सेवा प्रदान गरी जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित ४७६७१ जनसंख्या रहेको यो नगरपालिका अन्तर्गत १२ वडाबाट ६५ नगरसभा सदस्य रहेका छन् । नगरपालिकाले थाहा नगरको आधारकृषि, पर्यटन र पूर्वाधार भन्ने लक्ष्य तय गरेको छ ।

स्थानीय सञ्चित कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

बिवरण	संकेत	बजेट	आफैले गरेकोप्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		९११८६६५८३	८९०६१३०५७.५९	८९०६१३०५७.५९
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६६८६९२२१३	६४७४७६९७४.२६	६४७४७६९७४.२६
११००० कर	११	१५९५९००००	११८६८९७९१.८७	११८६८९७९१.८७
१३००० अनुदान		४३३३६९५६८	४१७०२५७५०	४१७०२५७५०
संघीय सरकार	१२	३८०५३५०००	३६४१९१७५०	३६४१९१७५०
प्रदेश सरकार	१२	५२८३४५६८	५२८३४०००	५२८३४०००
१४००० अन्य राजस्व		७५७३२६४५	१००४७२११५.१४	१००४७२११५.१४
ख. अन्य प्राप्ति		२४३१७४३७०	२४३१३६०८३.३३	२४३१३६०८३.३३
वितरण गर्न बाकी राजस्व		०	०	०
कोषहरु		२४०७१३७०	२०९७८६७८.३३	२०९७८६७८.३३
धरौटी		०	४१३५४३१	४१३५४३१
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		२१९१०३०००	२१८०२१९७४	२१८०२१९७४
भुक्तानी (ग+घ)		१०३९३२७५९९.६	९२३६०१२३३.९४	९२३६०१२३३.९४
ग. भुक्तानी (सञ्चित कोषबाट)		७९६१५३२२९.६२	६८५६२४८११.९४	६८५६२४८११.९४
२१००० पारिश्रमिक / सुविधा	१८	२२५१७९०००	२०८१४६९३८.६७	२०८१४६९३८.६७
२२००० मालसामान तथा सेवाको उपयोग	१८	९२८५४०४५	७२१५४४१७.५	७२१५४४१७.५
२५००० सहायता (Subsidy)	१८	३६५१४०००	३०१५२७३८	३०१५२७३८
२६००० अनुदान	१८	५२८९०००	५२६६०७०	५२६६०७०
२७००० सामाजिक सुरक्षा	१८	८१३१०००	७५०८३०१	७५०८३०१
२८००० अन्य खर्च	१८	११२९८४८३.६२	८३५२१५४	८३५२१५४
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	४१६८८७७०१	३५४०४४१९२.७७	३५४०४४१९२.७७
घ. अन्य भूक्तानी		२४३१७४३७०	२३७९७६४२२	२३७९७६४२२
कोषहरु		२४०७१३७०	१८४०६६८४	१८४०६६८४
धरौटी		०	१५४७१९५	१५४७१९५
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		२१९१०३०००	२१८०२१९७४	२१८०२१९७४
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			५६९	५६९
ङ. यो वर्षको बचत (न्युन)		-१२७४६१०१६.६२	-३२९८८१७६.३५	-३२९८८१७६.३५
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१६९३७४५६७.७५	१६९३७४५६७.७५
वर्षान्तको बाकी रकम (ङ + च)		-१२७४६१०१६.६२	१३६३८६३९१.४	१३६३८६३९१.४

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।	
२.	**स्वीकृत ढाँचा**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।	
२.१.	**जिम्मेवारी** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १३ करोड ०२लाख १ हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१६ करोड ९३ लाख ७४ हजार जिम्मेवारी सरेको देखियो । यस सम्वन्धमा गत वर्षकोलेखापरीक्षणको क्रममा रु.३१९४५०९६.०० मा खर्च रकम घटाई बाँकी रकमको आम्दानी जनाउनुपर्ने व्यहोरा लेखेकोमा सो सम्वन्धमा हिसाव मिलान गरेको देखिएन ।अत बैक रिकन्सिलिएशन तयार गरी यथार्थ मौज्दात जिम्मेवारी सारी आर्थिक विवरण यथार्थ परक वनाउनु पर्दछ ।	
२.२.	प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणालीढाँचाको प्रतिवेदनको म ले प फारम नं २७२ अनुसार यस वर्षको आय रु.८९ करोड ६ लाख १३ हजार र गत वर्षको मौज्दात रु.१६ करोड९३ लाख ७४ हजार समेत जम्मा रु.१ अर्व ५ करोड ९९ लाख ८७ हजार र कुल भुक्तानी रु.९२ करोड ३६ लाख ०१ हजार देखाएकोले बचत रु.१३ करोड ६३ लाख ८६ हजार देखिन्छ भने स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको संचित कोष संक्षिप्त प्रतिवेदनले अन्तिम मौज्दात रु. २०९३२९६८९.६५ देखाएको छ ।उक्त मौज्दातमा संघिय कोषमा फिर्ता गर्न बाँकी रु. ९९६४९६२ र प्रदेश संचित कोषमा फिर्ता गर्न बाँकी रकम रु. २१३१४३२ गरी जम्मा रु. १२०९६३९४.०० समेत समावेश रहेको छ । यसरी संचित कोष व्यवस्थापन प्रणालीको दुई वटा उप प्रणालीको प्रतिवेदनको मौज्दात रु. ७ करोड २९ लाख ४३ हजार फरक देखिएको कारण एकिन गर्न सकिएन ।	
२.३.	**बैक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने र मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्ने व्यवस्था अनुसार बैंक हिसाब मिलान विवरण तयार गरेकोमा निम्नानुसार फरक पर्न गएको देखिन्छ	

श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार	फरक रकम	साट्न बाँकी	खुद बैंक
१६९३८६३९१.४०	१९११८५६३०	२१७९९२३८.६	७१९५१०	१९०४६६१२०

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेव्वयस्थाअनुसार नगरपालिकालेबैठक भत्ता खाजा तथा अतिथि संत्कार दैनिक भ्रमण भत्ता पारबहन तथा इन्धन सुविधा संचार पोशाक प्रोत्साहन भत्ता तालिम गोष्ठी संचालन पानी बिजुली टेलीफोन र घरभाडा खरिद तथा जिन्सी व्यवस्थापन लगायतका विषय समावेश गरी आन्तरिक नियन्त्रण निर्देशिका २०७६ तर्जुमा गरी लागु गरेको छ । उक्त निर्देशिकामा नसमेटिएका आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी अन्य व्यहोरा निम्न छन् । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत	

तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

- नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्तव्य वस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- लकबुक तयार गरी इन्धन खर्च लेख्नुपर्नेमा सो नगरी इन्धन खर्च लेखेको ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा माथी लागत अनुमान भएको निर्माण कार्यको बिमा गराउनुपर्नेमा केही योजनाको बिमा गराएको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।
- नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्नेमा फर्निचरजन्य सामाग्री खरिद गर्दा लागत अनुमान तयार नगरी खरिद गरेको ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई थप परिमार्जन सहित प्रभावकारी रुपमा लागू गरी सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

बजेट तथा कार्यक्रम

४. **बजेटपेश, पारितरअख्तियारी**ः स्थानीयतहसंचालनऐन, २०७४कोदफा७१मास्थानीयतहलेआगामीआर्थिकवर्षकोराजश्वरव्ययकोअनुमानकार्यपालिकाबाटस्वीकृतगराई असार१०गतेभित्रपेशगर्नेरयसरीपेशभएकोबजेटछलफलगरीअसारमसान्तभित्रसभाबाटपारितगर्नुपर्नेव्यवस्थाछ। सोहीऐनकोदफा७३मासभाबाटबजेटस्वीकृतभएको७दिनभित्रस्थानीयतहकाप्रमुखलेप्रमुखप्रशासकीयअधिकृतलाईबजेटखर्चगर्नेअख्तियारीप्रदानगर्नुपर्नेव्यवस्थाछ। यसस्थानीयतहमाउपप्रमुखले २०७६/३/१० मा नीति तथा कार्यक्रम र बजेट पेशभई रु. ७९ करोड ६१ लाख ५३ हजारकोबजेट मिति २०७६।३।२५ मा पारितभएकोछ। यसैगरीस्थानीयतहकाप्रमुखले२०७६/४/१ माप्रमुखप्रशासकीयअधिकृतलाईबजेटखर्चगर्नेअख्तियारीप्रदानगरेकोदेखिन्छ।

५. **बजेटतथाकार्यक्रमतर्जुमा**ःस्थानीयतहसञ्चालनऐन, २०७४कोदफा६७मा४सदस्यीयबजेटतथाकार्यक्रमतर्जुमासमितिगठनगरीआगामीवर्षकोनीतितथाकार्यक्रम, कार्यक्रमकोप्राथमिकीकरण, विषयक्षेत्रगतकार्यक्रमरकार्यक्रममादोहोरोपनाहुननदिनकार्यक्रमकोआपसीतादम्यतातथापरिपूरकतामिलाउनेव्यवस्थाछ। योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र नगरपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन। यसवर्षगाँउसभाबाटस्वीकृतभईबजेटविनियोजनभएकाकतिपययोजनामाप्रदेशतथाकेन्द्रीयवजेटवाटरकतिपय कार्यक्रममानगरपालिकावाटसमेतथपबजेटछुट्याएकोदेखिएबाटयोजनामा बजेटदोहोरोपरेकोअवस्थाछ। एउटैयोजनातथाकार्यक्रमदोहोरोतथातेहोरोरुपमासञ्चालननगरीबजेट एकैठाउँबाटसञ्चालनगर्नेव्यवस्थाकोलागिविगतकोसमेतअभिलेखअद्यावधिकहुनजरुरीदेखिएकोछ।

६. **क्षेत्रगत वजेट**नगरपालिकाको क्षेत्रगत रुपमा कुल बजेट ७८ करोड ७९ हजार र खर्च ६७ करोड ४८ लाख को आधारमा समग्र रुपमा ८७ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

क स	क्षेत्रगत बजेट	बजेट	रकम	खर्च प्रतिशत
१.	आर्थिक विकास	६९४९३८५१	४७३७८१९३	७.०२
२.	सामाजिम विकास	२७८१८०७६०	२३८४४४६१२.१७	३५.३३
३.	पूर्वाधार विकास	३१९५५७१४२	२८८०७३९०५.७७	४२.६८
४.	सुशासन विकास	२०१००००	११६९३५१	०.१७
५.	कार्यालय संचालन तथा प्रशासनिक	१०९८४९१२८.६२	९८८३९९५१	१४.६४
६.	विषद व्यवस्थापन	९८८३४८	९८८३४८	०.१४
	जम्मा	७८००७९२२९.६२	६७४८९४३६०.९४	१००

७. **चौमासिकपूँजीगतखर्च**ःप्रदेश आर्थिककार्यविधिनियमावली, २०७६कोनियम२६बमोजिमस्वीकृतभएकोकार्यक्रममाअनुसुचि ३बमोजिमचौमासिकप्रगतिविवरणवनाईतालुक निकायमा पेशगर्नुपर्ने व्यवस्थाछ। नगरपालिकालेउपलव्धगराएकोविवरणअनुसारचौमासिकपुँजिगतखर्चकोस्थितिदेहायबमोजिमछ। वर्षान्तमाहतारमाकामगराउँदाकामकोगुणस्तरमाअसरपर्नेदेखिएकोलेनियममाभएकोव्यवस्थाअनुरुपचौमासिक व्यवस्थापन गरी आषाढमा खर्चगर्नेपरिपाटीमानियन्त्रणगर्नुपर्दछ। नगरपालिकाले योजना कार्यान्वयन

कार्यतालिका बनाएकवमा उक्त कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

खर्च शीर्षक	बजेट	खर्च	चौमासिक खर्च (रु.हजारमा)						खर्च प्रतिशत
			प्रथम चौमासिक	प्रतिशत	दोस्रो चौमासिक	प्रतिशत	तेस्रो चौमासिक	प्रतिशत	
पूजिगत	४१६८८७	३५४०४४	५१७३७	१५	८०९००	२३	२२१४०५	६३	८४.९२

८. **योजना छनौट र संचालनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल १८९ योजनाहरुमध्ये ८ वटा योजनामात्र रु. ५ लाख भन्दा कम बजेटको संचालन भएको देखियो ।

९. **लक्ष्य प्रगतिः**नगरपालिकाले यसवर्ष १८९ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये १० वटा योजना ठेक्काद्धारा र बाँकी १७९ योजना उपभोक्ता समिति मार्फत भएको देखिन्छ । नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ ।

१०. **सेवा प्रवाहः**नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

क्र.स	विवरण	सख्या	
		प्राप्त	सम्पन्न
१.	नागरिकता सिफरिस	८१२	८१२
२.	घरबाटो सिफारिस	७८६	७८६
३.	नाता प्रमाणित	६३४	६३४
४.	जन्म मृत्यु दर्ता	१२५७	१२५७
५.	घरनक्सा पासको निवेदन	१०८	१०८
६.	अन्य	५१४८	५१४८

संगठन तथा कर्मचारी ब्यवस्थापन

११. **कर्मचारीकरारः** स्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा८३मास्थानीयतहलेआफ्नोअधिकारक्षेत्ररकार्यबोझकोविश्लेषणगरीसंगठनतथाव्यवस्थापनसर्भेक्षणकोआधारमास्थायीप्रकृतिकोकामकोलागितथासेवाकरारबाटलिईनेकर्मचारीकोदरबन्दीप्रस्तावगर्नुपर्नेरअस्थायी दरबन्दीसृजनागर्ननसकिनेव्यवस्थाछ।

त्यसैगरी सोही ऐनको २०७४कोदफा८३(८) वमोजिमनगरपालिकालेनगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचेलगायतकापदमामात्रकरारवाटसेवालिनसकिनेव्यवस्थागरेकोछ।स्थानीय तहले माथिउल्लेखितपदवाहेककोविभिन्नइन्जिनियर, सब इन्जिनियर, स्वास्थ्य समेत गरी ४० कर्मचारी करारमा कर्मचारी नियुक्ती गरी रु. ९५ लाख ४५ हजार खर्च लेखेको छ ।

११.१. प्राविधिक तथा अन्य पदको कर्मचारी तर्फ २३ जना पद रिक्त रहेको देखियो जसले गर्दा नगरपालिकाको सेवा प्रबाहमा असर पार्ने हुदा यथासिघ्र स्थायी पदपुर्ति गर्नुपर्दछ ।प्रदेश लोकसेवा आयोगमा लेखी पठाएको र विज्ञापन भइ परीक्षा समेत संचालन भएको नगरपालिकाले जनाएको छ ।

१२. **योगदानमा आधारित निबृतिभरण** अर्थ मन्त्रालयको मिति २०७७.४.१९ मा योगदानमा आधारित निवृतिभरण तथा उपदान सम्वन्धमा भएको परिपत्र अनुसार २०७६.४.१ पछि नियुक्ति भएका

	कर्मचारीको सुरु तवल स्केल को ६ प्रतिशत कट्टी गरी सोही अनुसार नगरपालिकाले थप गराई संचित कोषमा पठाउने परिपत्र अनुसार २०७६.४.१ पछि नियुक्त भएका कर्मचारीको नियुक्ति भएको मिति देखि नियमानुसार ६ प्रतिशत कट्टी गरी योगदानमा आधारित निवृतिभरण कोषमा पठाउनुपर्नेमा हालसम्म पठाएको पाईएन । अत नियमानुसार रकम कट्टी गरी निवृतिभरण कोषमा जम्मा गर्नुपर्दछ ।	
१३.	**उपदान कोष**स्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा९१.१मास्थानीयतहलेस्थानीयसेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१.२ अनुसार आफ्नोदरबन्दीमाकार्यरतप्रत्येककर्मचारीलेखाईपाईआएकोमासिकतलबबाट१०प्रतिशतरकमकट्टागरीसोरकम बराबरलेहुनआउनेरकमथपगरीजम्मागर्नुपर्नेव्यवस्थाछ।नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि १४ जना कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७७ आषाढ सम्म ३२ महिनाको तलव भत्ता रु.१३९२९६०.०० कट्टी गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भैनसकेको , साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभई सकेको कारण कट्टी नगरेको नगरपालिकाले जनाएको छ ।	
१३.१.	नगरपालिकाले यस वर्ष वित्तिय समानिकरणबाट कर्मचारी कल्याण कोषमा एकमुष्ट रु. १००००००.०० ट्रान्सफर गरेको छ । कर्मचारीबाट कट्टा गरी अवकास कोषमा दाखिला गर्नुपर्नेमा रकम दाखिला गरेको छैन ।१४ जना उपदानमा जाने कर्मचारीको तलव भत्ताको १० प्रतिशतका दरले१ वर्षको रु. ५२२३६०.०० मात्र ट्रान्सफर गर्नुपर्नेमा रु. ४७७६४०.०० बढी ट्रान्सफर गरेको छ ।	
१४.	**प्रशासकीयसंगठनरकर्मचारीव्यवस्थापनः** स्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा८३बमोजिमस्थानीयतहकोकार्यबोझ, राजस्वक्षमता, खर्चकोआकाररस्थानीयआवश्यकतासमेतलाईध्यानमाराखीकर्मचारीसमायोजनभएपछिमात्रसंगठनतथाव्यवस्था पनसर्वेक्षणकाआधारमास्थानीयतहमासंगठनसंरचनाकायमहुनेव्यवस्थाछ। नगरपालिकाले पेश गरेको स्वीकृत दरबन्दी र पदपुर्तिको विवरण अनुसारनगरपालिकामाप्रमुखप्रशासकीयअधिकृतसहित १०२ दरबन्दीस्वीकृतरहेकोमालेखापरीक्षणअवधिसम्मप्रमुखप्रशाकीयअधिकृतसहित स्थायी तर्फ ४१ जनार करार तर्फ ३९ जनाको पदपूर्तीभएकोदेखिन्छ।लेखापरीक्षणकोक्रममाप्राप्तविवरणअनुसारकार्यव्यवस्थापनकादृष्टिकोणलेमहत्वपूर्णमानि एकाइन्जिनयर सब इन्जिनियर स्वास्थ्य कर्मी पदहरु करारबाट पदपुर्ति भएको देखिन्छ	
१५.	**कानूननिर्माणकोस्थितिः**स्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा१०२अनुसारस्थानीयतहहरुलेआफ्नोअधिकारक्षेत्रभित्रकाविषयमाऐनतथासोकोअधिनमारहीनिय मनिर्देशिका, कार्यविधिरमापदण्डबनाईकार्यान्वयनमाल्याउनसक्नेव्यवस्थाछ।स्थानीयतहसञ्चालनकोलागिसंघीयमामिलातथा सामान्यप्रशासनमन्त्रालयबाट४२नमूनाकानूनहरुबनाईउपलब्धगराएकोमा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसारनगरपालिकालेहालसम्म ११ वटाऐन, ३८ वटा कार्यविधि, स्थानीय राजपत्र भन्दा पहिलेको कार्यविधि ६ वटा गरी जम्मा ४५ वटाकानुननिर्माणगरीकार्यान्वयनमाल्याएको छ।उक्तकानूनहरुप्रभावकारी रुपमा कार्यान्वयनमाल्याउनुपर्दछ।	
१६.	**आन्तरिकलेखापरीक्षण**स्थानीयतहसंचालनऐन, २०७४कोदफा७७ (२) मास्थानीयतहलेआर्थिककारोबारकोनियमितता, मितव्ययिता, कार्यदक्षतारप्रभावकारीताकोआधारमाप्रत्येकचौमासिकसमाप्तभएकोएकमहिनाभित्रआन्तरिकलेखापरीक्षणगराउ	

नुपर्नेउल्लेखछ। नगरपालिकालेयसवर्षकोआर्थिककारोबारकोआन्तरिक लेखापरीक्षणगराएकोछ। कानून बमोजिम चौमासिक रुपमा लेखापरीक्षण गराईआन्तरिकलेखापरीक्षणगराईआन्तरिकनियन्त्रणप्रणालीलाईप्रभावकारीबनाउनेतर्फध्यानदिनुपर्दछ।

१७. **विविधखर्चः**स्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा७१बमोजिमव्ययकोबजेटअनुमानआन्तरिकआयकोपरिधिभित्ररहीमितव्ययी तरिकालेविविधखर्चगर्नुपर्नेव्यवस्थाछ। नगरपालिकालेविविध शिर्षकमा रु २८३३०००.०० खर्चगरेकोछ।

अनुदानफिर्ता

१८. **अनुदानः**संघीयमामिलातथासामान्यप्रशासनमन्त्रालयकोप.सं.०७४।७५च.नं. १०६४मिति२०७५।३।३कोसशर्तअनुदानरकमफिर्तासम्बन्धीविषयकोपत्रअनुसारस्थानीयतहमाहस्तान्तरण भएकोसशर्तअनुदानकोरकमआषाढमसान्तसम्मखर्चहुननसकेमासंघीयसञ्चितकोषमा तथा प्रदेश संचित कोषमादाखिलागर्नुपर्नेव्यवस्थाभएकोछ। संघिय तथा प्रदेश श्रोत शसर्त अनुदान कुल निकासा रु.९२८०००००.०० भएकोमा रु. ५२५६३५६६ खर्च गरी बाकी रहेको रु.४०२३६४३४ बाँकीरहेकोछ । उक्त रकम संघिय कोषमा फिर्ता हुनुपर्ने अर्थमन्त्रालयको मिति २०७७.३.२९ को निर्णयको परिपत्र अनुसार दायित्व श्रृजना भैइसकेको उल्लेख गरी स्थानीय संचितकोषमा राखेको छ ।

ब शि नं	कामको विवरण	निकासा	खर्च	बाँकी
भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	सित भण्डार निर्माण	८०३०००००.००	४९८५४७४२.००	३०४४५२५८.०
पर्यटन बिभाग	दामान प्रयर्टन पूर्वाधार	५००००००.००	२५०००००.००	२५०००००.००
विशेष अनुदान	भोर्लेखानेपानी	७५०००००.००	२०८८२४.००	७२९११७६.००
जम्मा		**९२८०००००**	**५२५६३५६६**	**४०२३६४३४**

१९. **जिन्सीव्यवस्थापनः**नगरपालिकालेआर्थिककार्यविधिऐनतथानियमावलीछुट्टैतयारगरीलागूगरेकोछैन। प्रदेश आर्थिककार्यविधिनियमावली, २०६४कोपरिच्छेद-६मासरकारीसम्पत्तिकोजिम्मात्यसकोलगतसंरक्षणरबरबुझारथसम्बन्धीव्यवस्था र परिच्छेद-९मालिलामबिक्रीसम्बन्धीव्यवस्थारहेकोछ। नगरपालिकालले जिन्सीनिरीक्षण गराई प्रतिवेदनतयारगरेकोमानिरीक्षणप्रतिवेदनमाउल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाँ वि स हरुले खरिद गरेका सामानहरुको यथार्थ अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वियन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

करदस्तुरएवंआन्तरिकआय

२०. **आन्तरिक आयः**स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु.३०७५९१८२.३५आम्दानी गरेको देखिन्छ ।

राजस्वउपशीर्षक	प्राप्त रकम रु.
एकीकृत सम्पती कर	४१४९९५७.१२
सिफारिस दस्तुर	१४३७५३९.००
नक्सापास दस्तुर	२४०६५७.५३
बहाल कर	३९५१८०.७०
व्यवसाय कर	१०४५३१०.००
व्यक्तिगत घटना दर्ता	२४४९०
निकासी कर तरकारी वापत	४७५१९७४.००
निकासी कर गिट्टी वालुवा बापत	१६८६९४९४.००

अन्य आय	१८४३३६०.००
घरौटी जफत	१२२०
जम्मा आन्तरिक राजस्व	३०७५९१८२.३५

आन्तरिक आयका सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

२०.१. **व्यवसायकरः** स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा५८मानगरपालिकालेआफ्नोकार्यक्षेत्रभित्ररहेकाविभिन्नव्यवसायगर्नेव्यक्तिबाटव्यवसाय करउठाउनूपर्नेव्यवस्थारहेकोछ।गाँर्पालिकाले यसवर्षव्यवसायदर्तातथानवीकरणशुल्कवापतरु.२ लाख ७३ हजार करसंकलनगरेकोमानगरपालिकाकोक्षेत्रभित्ररहेकाव्यवसायीहरुकोअभिलेखअध्यावधिकगरेकोछैन । जसबाटनगरपालिकालेसंकलनगरेकोव्यवसायकरयथार्थमान्नसक्नेअवस्थाछैन।तसर्थनगरपालिकालेआफ्नोक्षेत्र भित्रसञ्चालनमारहेकासम्पूर्णव्यवसायीकोअद्यावधिकअभिलेखराखीकरकोदायराभित्रल्याउनुपर्दछ।

२०.२. **बडा अनुसार राजश्व संकलनको व्यवस्थाः** नगरपालिकापालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।

क स	**वडा नं**	**जम्मा**
१.	नगर	२४०४२१२७.७५
२.	१	५२७६३२..००
३.	२	५६९४८६.७६
४.	३	१०७८२५८.३३
५.	४	२३८१२९.००
६.	५	२१५३८५.३३
७.	६	९४६८४१.३१
८.	७	१२४६७७.८७
९.	८	१८०७९५.००
१०.	९	१३२७०४४.५०
११.	१०	९४६९१३.५५
१२.	११ र १२	६५१८९०.७५
जम्मा		**३०८४९१८२.१५**

२०.३. **मनोरन्जन करः** स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । नगरपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । नियमानुसार उक्त कर उठाउनु पर्दछ ।

२०.४. **घर जग्गा बहाल करः** नगरपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । नगरपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठेको हो सो रकमको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

२१. **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ)मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र

	मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ ।	
२२.	**राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र लगायतका कार्यहरु तोकिएको छ । राजश्व परामर्श समितिले यस आ.व.मा विभिन्न मितिमा ५ पटक बैठक बसी नितिगत छलफल भएतापनितथ्यगत विश्लेषण गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ ।	
२३.	**लागत अनुमान** सार्वजनिक खरिद ऐन को दफा ५ मा खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमवली २०६४ को नियम १० को उपनियम ४ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा इट्टा ढुङ्गा माटो को दर निर्धारण गर्दा जिल्ला दर रेट समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिले तोकेको दरमा प्राकृतिक स्रोत को कर वापत प्रति घन मिटर रु. ३२१.४२ थप गरी लागत अनुमान तयार गरेको कारण लागत अनुमानमा बृद्धी भएको छ ।उपभोक्ता समिति सँग लागत अनुमान कै रकममा सम्झौता हुने हुँदा लागत अनुमान बृद्धि भएकाकारण आयोजना सम्पन्न गर्न लाग्ने खर्चमा समेत बृद्धि हुनेहँदा नियममा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ ।	
२४.	**उपभोक्तासमितिः**नगरपालिकालेउपभोक्तासमितिबाटगराएकाकाममध्येलेखापरीक्षणकोक्रममाछनौटगरीपरीक्षण गर्दा सार्बजनिकखरीदऐन,२०६३को दफा४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीदनियमावली, २०६४कोनियम९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांशविल भरपाई प्रमाणित नगरेको , विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ ।त्यस्तै नियमावलीको नियम १२५.२ अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि २०७५ अनुसार थप सुधार गर्नुपर्ने देखिएको छ ।	
	नगरपालिका पुँजिगत	
२५.	**अग्रिम कर** आयकर ऐन २०५८ को दफा ८९ अनुसार बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत रु. ५० हजार रुपैया भन्दा बढि रकमको भुक्तानी दिदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्मानुसारको भुक्तानीका अग्रिम कर कट्टी नगरी भुक्तानी दिएकोमा बिजक नम्वर खुल्ने गरी कर समायोजन पत्र पेश गर्नुपर्ने रु.	११९३३९

भौ नं. मिति	योजना	जम्मा भुक्तानी	उ. स. को सामान खरिद गरेको फर्मको नाम	भुक्तानी	अग्रिम कर
४/०७६/६/	इन्द्रायणी मन्दिर गणेशथान सडक ढलान उ. स.	५२२००	विराट हार्डवेयर सिमेन्ट	३९९३०४ मु. अ. कर सहित	४५१२
५/२०७६/६/८	झम्केश्वरी फुर्केसत्र खड्काटोल रुप्सेफुर्के उ. स. सडक	४९५०००	वज्रवाराही कन्सट्रकसन थाकलोडारले काम गरेको	४९५७८७	६५८१
६.७/ ०७६/६/८	खोला नियन्त्रण बस्ती बचाउ तथा पहिरो पन्छाएको सडक सुचारु वार्ड नं. २	१०४७५३० ११८९६७०	सुजन निर्माण सेवा	१३५९७६०	८०५०

८/२०७६/६/८	१० नं. वडाको बाढी पहिरो नियन्त्रण	१७६०००	काली देवी निर्माण सेवा प्रा. लि.	१९८८००	२६४०
११/२०७६/६/८	भुङदल बाहुनगाँउ दम्की सडक	८७३८००	२ वटा फर्मको जे. सि. बी. स्काभेटर	६६०२९७	८७६५
१२/०७६/६/१०	तल्लो गाउँ बस्ती बचाउ उ. स.	२११०००	गोरखनाथ वालुवा प्रशोधन केन्द्र	१२८५६५	१७०७
